नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

पत्र संख्याः- ०८३/८४

चलानी नं.:- २४

मितिः २०८३/०५/३०

विषयः सरुवा भएका निजामती कर्मचारीलाई रमाना गर्ने सम्बन्धमा।

श्री सबै मन्त्रालय / आयोग / सचिवालय, नेपाल सरकार,

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (७ वटै प्रदेश),

श्री सबै स्थानीय तहहरू ।

निजामती सेवालाई व्यवस्थित, पारदर्शी र परिणाममुखी बनाउन सरुवा भएका कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० बमोजिम तोकिएको अवधिभित्र अनिवार्य रूपमा रमाना दिई सरुवा भएका निकायमा हाजिर गराउनुपर्ने स्पष्ट कानूनी व्यवस्था रहेको छ। तर, पछिल्लो समय सरुवा भएका कर्मचारीहरूलाई निजामती सेवा नियमावली, २०५० को नियम ४० बमोजिमको बहाली म्याद सकिंदा समेत रमाना नदिने, विभिन्न बहानामा साविककै कार्यालयमा राखी कामकाज गराउने तथा सरुवा भइसकेपछि पनि रमाना नगरी पूर्व कार्यालयबाटै तलबभत्ता भुक्तानी गरे गराएको जानकारी प्राप्त हुन आएको छ । जसका कारण स्थानीयस्तरमा जनशक्ति अभाव भई सेवा प्रवाहमा गम्भीर समस्या सिर्जना हुँन पुगेको छ । निजामती सेवा नियमावली, २०५० को नियम ३८ को उपनियम २ को खण्ड (ग) बमोजिम सरुवा भएको कुनै कर्मचारीलाई तोकिएको म्यादभित्र रमाना नदिई साविककै कार्यालयबाट तलबभत्ता भुक्तानी गरिएमा, रमाना दिनुपर्ने म्यादभन्दा बढी अवधिको त्यस्तो तलबभत्ता रमाना नदिने कार्यालय प्रमुख र भुक्तानी दिने लेखा प्रमुखबाट असुलउपर गरिने प्रावधान रहेको छ। अतः सरुवा भएका निजामती कर्मचारीहरुलाई तोकिएको अवधिभित्र अनिवार्य रमाना गर्ने व्यवस्था हुन अन्यथा कानून बमोजिम हुने व्यहोरा नेपाल सरकार (सचिवस्तर) को मिति २०८३।०५।३० गतेको निर्णयानुसार अनुरोध छ ।

............................

धोलकराज ढकाल

सहसचिव

बोधार्थ

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ।

श्री महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाडौं : लेखापरीक्षणको क्रममा सरुवा भएका कर्मचारी रमाना नगरी तलब भत्ता भुक्तानी गरेको विषय समेतलाई बेरुजु कायम गरी निर्णय कार्यान्वयनमा सहयोग गरिदिनुहुन ।

श्री महालेखा नियन्त्रकको कार्यालय, अनामनगर, काठमाडौं : मातहतका सबै कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई समेत परिपत्र गरी निर्णय कार्यान्वयनमा सहयोग गरिदिनुहुनु ।